# Sydenham देखि Bankstown सम्मको रेल लाइनको स्तरोन्नति
## Southwest Link (साउथ वेस्ट लिंक) बस सेवाहरू




**सोमबार ३० सेप्टेम्बर २०२४ देखि, Sydenham र Bankstown बिचको स्टेशनहरू सिड्नी मेट्रोको लागि मार्ग निर्माण गर्न १२ महिना सम्म बन्द हुनेछन्। साउथवेस्ट लिंक बसहरूले यस समयमा Sydenham र Bankstown बीचको रेलहरू प्रतिस्थापन गर्नेछन्।**

### Southwest Link (साउथवेस्ट लिंक) के हो?

Southwest Link (साउथवेस्ट लिंक) T3 Bankstown लाइन मेट्रो मापदण्डमा स्तरवृद्धि भईरहँदा यात्रुहरूले यात्रा जारी राख्न सक्ने सुनिश्चित गर्न Sydenham र Bankstown रेल स्टेशनहरू बिचको एक समर्पित, निरन्तर चलिरहने बस सेवा हो।

**Southwest Link (साउथवेस्ट लिंक) को मुख्य विशेषताहरू निम्न छन्:**
- तीन समर्पित बस मार्गहरू
- हरेक दिन बिहान सबेरैदेखि राति अबेरसम्म नियमित सेवाहरू, साथै केही मार्गहरूमा व्यस्त समयमा प्रत्येक दुई देखि चार मिनेटमा बस सेवा।
- मिश्रित सेवाहरु जस्तै कुनै सबै स्टपहरूमा रोक्ने र कुनै सीमित स्टपहरुमा मात्र रोक्ने।

Southwest Link (साउथवेस्ट लिंक) एकीकृत यातायात योजनाको भागको रुपमा पर्छ।

### एकीकृत यातायात योजना के हो?

एकीकृत यातायात योजना भनेको T3 Bankstown लाइन रूपान्तरण कार्य हुँदा यात्रुहरूलाई गन्तव्यमा पुग्न मद्दत गर्नका लागि उपलब्ध सबै वैकल्पिक यातायात विकल्पहरू हुन्।

यात्रुहरूले निम्न सेवाहरुबाट छनोट गर्न सक्छन्:
- Southwest Link (साउथवेस्ट लिंक) बसहरू
- Sydenham मा टर्न-अप-एन्ड-गो मेट्रो सेवाहरू
- स्थानीय बसहरू
- रेलहरू
- लाईट रेल
- साइकल र पैदल मार्गहरू

### Southwest Link (साउथवेस्ट लिंक) कहिले सुरु हुन्छ र यो कहिलेसम्म सञ्चालन हुनेछ?

Southwest Link (साउथवेस्ट लिंक) बसहरू ३० सेप्टेम्बर २०२४ देखि सुरु हुनेछन् र १२ महिनासम्म सञ्चालन हुनेछन्।

### Southwest Link (साउथवेस्ट लिंक) बसहरूमा नि: शुल्क यात्रा

Southwest Link (साउथवेस्ट लिंक) बसहरूमा यात्रा T3 Bankstown लाइनको अन्तिम रूपान्तरण अवधिभर सबै यात्रुहरूको लागि निःशुल्क छ।

नियमित रेल, बस, फेरी, र लाइट रेल सेवाहरूमा यात्रा गर्दा भाडा अझै लागु हुनेछ। Bankstown लाई Lidcombe स्टेशनसँग जोड्ने नयाँ T3 रेल सेवाहरूमा पनि भाडा लागु हुनेछ।

बहु-मोडल छुट र साप्ताहिक यात्रा क्याप सहित ओपल लाभहरू अझै पनि लागू हुनेछन्।

### के Southwest Link (साउथवेस्ट लिंक) सेवाहरू पहुँचयोग्य हुनेछन्?

हुन्छन्। सबै Southwest Link (साउथवेस्ट लिंक) मार्गहरमा पहुँचयोग्य,तल्लो तला भएका बसहरूले सेवा गर्नेछन्।

साउथवेस्ट लिंकका बस बिसौनीहरु प्रत्येक स्टेशन नजिकैको सडकमा अवस्थित छन्, त्यसैले पहुँच आवश्यकताहरू भएका यात्रुहरूले आफ्नो बस बिसौनीमा यात्रा गर्ने उत्तम मार्ग निर्धारण गर्न अघि नै योजना बनाउनुपर्छ।

### के स्तरोन्नत्तिको समयमा मेरो यात्राको समय बढ्नेछ?

बढ्नेछ। स्तरोन्नत्तिको क्रममा Sydenham र Bankstown बिचको यात्रा पूरा गर्न यात्रुहरूले अतिरिक्त यात्रा समय छुट्याउनुपर्छ। सेवाहरू सुरु गर्नु अघि नै यात्रुहरूले Southwest Link (साउथवेस्ट लिंक) बस यात्राहरूको योजना बनाउनुका साथै उपयुक्त यातायात विकल्पहरू अन्वेषण गर्न सक्षम हुनेछन्।

### म कसरी मेरो Southwest Link (साउथवेस्ट लिंक)को यात्रा योजना बनाउन सक्छु?

यात्रुहरूले transportnsw.info/trip मा हेरेर नयाँ Southwest Link (साउथवेस्ट लिंक)सेवाहरूमा आफ्नो यात्रा योजना बनाउन सक्छन्।

NSW GOVERNMENT Transport

**सिड्नी मेट्रोको लागि मार्ग निर्माण गर्दै**

# Sydenham देखि Bankstown सम्मको रेल लाइनको स्तरोन्नति
## Southwest Link (साउथ वेस्ट लिंक) बस सेवाहरू

### के Southwest Link (साउथवेस्ट लिंक) को समयमा पार्किङ परिवर्तन हुनेछ ?

हुनेछ। १२ महिनाको अन्तिम रूपान्तरण अवधिभर बसहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रभावित रेल स्टेशनहरू नजिकैको पार्किङ व्यवस्था परिवर्तन गर्न आवश्यक छ।

### किन Sydenham देखि Bankstown बिचको T3 Bankstown Line (टी ३ बैंकस्टाउन लाइन) स्तरोन्नत्ति हुँदैछ?

Sydenham र Bankstown बिचको T3 Bankstown लाइनलाई सन् २०२५ देखि द्रुत मेट्रो यात्री सेवाहरू मेट्रो मापदण्डहरूमा स्तरवृद्धि भइरहेको छ।

स्तरोन्नत्तिको अन्तिम कार्य सिड्नी रेल सेवाहरू चल्न बन्द भएपछि मात्र सुरु हुनसक्छ। यसमा Bankstown स्टेशनमा सिड्नी रेल र मेट्रो सेवाहरू छुट्याउने कामहरू, स्टेशन स्तरवृद्धिहरू पूरा गर्ने, प्लेटफर्ममा स्क्रिन ढोकाहरू जडान गर्ने, ओभरहेड तारहरू मिलाउने, ट्र्याक मिलाउने अन्तिम कार्य, रेल परीक्षण र निर्माण परियोजना चालू गतिविधिहरू समावेश छन्।

### के अन्तिम रूपान्तरण अवधिमा सवारी चाप बढ्नेछ?

Sydenham र Bankstown बिचका उपनगरहरूमा सडक सञ्जालले हाल सवारी चापको सामना गरिरहेको छ, विशेष गरी व्यस्त समयमा।

न्यू साउथ वेल्सको यातायात विभागले यो अस्थायी अवरोधको समयमा सवारी प्रवाहलाई अनुकूल बनाउन सक्रिय गल्ली व्यवस्थापन दृष्टिकोणहरू कार्यान्वयन गर्नेछ। यसमा व्यस्त चोकहरूमा सवारी बत्तीको अनुकूलन र क्यान्टर्बरी रोड लगायतका प्रमुख गल्लीहरूमा टो ट्रकहरूको प्रयोग समावेश छ।

### Bankstown को पश्चिम तर्फका रेल स्टेशनहरूमा के परिवर्तनहरू छन्?

Bankstown को पश्चिमका यात्रुहरूलाई रेल सेवाहरूमा पहुँच गर्न जारी राख्ने सुनिश्चित गर्ने नयाँ समयतालिका लागू गरिनेछ।

#### T3 Liverpool र Inner West लाइन

सेप्टेम्बर ३० देखि, Bankstown हुँदै Liverpool र City Circle बिच सञ्चालन भइरहेको रेल सेवाहरू नयाँ T3 Liverpool र Inner West लाइन मा Regents Park र Lidcombe हुँदै Sydney CBD मा चल्नेछ। यसले Berala, Regents Park, Carramar, Villawood, Leightonfield, Chester Hill र Sefton बाट Sydney CBD मा सिधा सेवा कायम गर्दछ।

#### चाँडै आउँदैछ: T6 Lidcombe र Bankstown लाइन

Lidcombe र Bankstown बिच नयाँ रेल सेवा सुरु गरिनेछ। यात्रुहरूले नयाँ T6 Lidcombe र Bankstown लाइन र T3 Liverpool र Inner West लाइनको बिचमा Regents Park मा Sydney CBD, Liverpool वा Bankstown का सेवाहरू पहुँच गर्न सक्षम हुनेछन्। उपलब्ध हुँदा यातायात बिभागले थप विवरण साझा गर्नेछ।


#### रेल प्रतिस्थापन गर्ने बस सेवाहरू

अन्तिम रूपान्तरणको अवधिमा, रेल मार्गको स्तरोन्नति र मर्मतसम्भार गतिविधिहरू गर्न Lidcombe र Bankstown बिचको T6 लाइनमा बसहरूले रेलहरूको सेवालाई प्रतिस्थापन गर्नेछन्।

### Erskineville र St Peters का यात्रुहरूका लागि के परिवर्तनहरू छन्?

Erskineville र St Peters का यात्रुहरूले Sydney CBD देखि T8 Airport र South लाइनमा सिधा सेवाहरू प्राप्त गर्न जारी राख्नेछन्।

### Southwest Link (साउथवेस्ट लिंक) बस सेवाहरू




### Southwest Link (साउथवेस्ट लिंक) बस सेवाको आवृत्ति

**प्रत्येक २ देखि ४ मिनेटमा**
व्यस्त समय अवधिमा

**कम्तिमा हरेक १० मिनेटमा**
दिनको अधिकांश समयमा


**कम्तिमा हरेक १५ मिनेटमा**
राति ढिलो समयमा

NSW GOVERNMENT Transport

**सिड्नी मेट्रोको लागि मार्ग निर्माण गर्दै**

# Sydenham देखि Bankstown सम्मको रेल लाइनको स्तरोन्नति

## Southwest Link (साउथ वेस्ट लिंक) बस सेवाहरू




## म कसरी सूचित रहन सक्छु?

सूचित रहन र स्तरोन्नतिको क्रममा Southwest Link (साउथवेस्ट लिंक) र अन्य उपयुक्त यातायात विकल्पहरूको बारेमा समयमै अद्यावधिकहरू प्राप्त गर्न, **transportnsw.info/southwestlink** मा हेर्नुहोस्।

NSW GOVERNMENT Transport

**सिड्नी मेट्रोको लागि मार्ग निर्माण गर्दै**